



NHS England

# Valproate सुइ लगाउने महिला तथा व्यक्तिहरूका लागि औषधिको समीक्षाका बारेमा जानकारी पुस्तिका









Nepali

# यो जानकारी पुस्तिका के कुराको बारेमा हो?




यो जानकारी पुस्तिका Valproate सुइ लगाउने 55 वर्ष मुनिका व्यक्तिहरूलाइ हुने फाइदा तथा जोखिमहरूका बारेमा हो। यो Valproate सुइ लगाउन सुरु गर्ने वा लगाउने बारेमा तपाईको विशेषज्ञसँग कुरा गर्न मद्दत गर्नका लागि हो। Valproate लाइ कहिलेकाहीँ Epilim वा Depakote भनिन्छ। Valproate लाइ भ्याल-प्रो-एट भनिन्छ।





Valproate को सुइ छारे रोग (सिजर वा यसको दीर्घकालिन लक्षण देखिएको बेला) वा बाइपोलारसम्बन्धी समस्या तथा अन्य स्वास्थ्य समस्याहरूको उपचारमा धेरै प्रभावकारी हुन सक्छ। यो सामान्य अवस्थामा देखिने दीर्घकालिन लक्षण वा सिजर कम गर्न सबैभन्दा राम्रो औषधि हो।





तपाईका विशेषज्ञले तपाईलाइ राम्रोसँग बाँच्न र सुरक्षित रहनका लागि सबैभन्दा राम्रो औषधिका बारेमा बताउने छन्। कहिलेकाहीँ केही व्यक्तिहरू सिजर वा दीर्घकालिन लक्षणका साथै धेरै बिरामी हुन सक्छन् र केही व्यक्तिहरूको अचानक ज्यान जान सक्छन् (SUDEP, छारे रोगका कारण नसोचेको किसिमले अचानक हुने मृत्यु भनेर चिनिन्छ)।




तपाईका विशेषज्ञले तपाई र तपाईको हेरचाहकर्ता, परिवार वा अधिवक्तासँग तपाईको Valproate औषधि प्रयोग गर्दा हुने लाभ तथा जोखिमका बारेमा कुरा गर्ने छन्। तिनीहरू तपाईको स्वास्थ्यमा पर्ने SUDEP र अन्य जोखिमहरूका बारेमा व्याख्या गर्ने छन्।





तपाई गर्भवती हुँदा Valproate को सुइ लगाउनुहुन्छ भने यसले तपाईका बच्चाका लागि स्वास्थ्यसम्बन्धी समस्या निम्त्याउन सक्छ।




Valproate ले बच्चाको शरीर र मस्तिष्कमा हुने वृद्धिमा असर गर्न सक्छ। यसबाट बच्चाको मस्तिष्कको विकास कसरी हुन्छ भन्ने समस्या हुने 30-40% सम्भावना हुन सक्छ।

यसको मतलब उनीहरूमा सिकाइसम्बन्धी असक्षमता वा अटिज्म भएको वा ध्यान दिन वा स्थिर बस्न नसक्ने (ADHD) भएको हुन सक्छ।



## मैले प्रयोग गर्ने Valproate सुइको समीक्षा किन गर्नु पर्ने हुन्छ?


तपाईलाइ Valproate सुइ लगाइयो भने यसले बच्चाहरूमा स्वास्थ्य समस्या निम्त्याउन सक्छ। तपाई 55 वर्षभन्दा कम उमेरको हुनुहुन्छ भने तपाईलाइ हरेक वर्ष आफ्नो विशेषज्ञसँग भेट्न लगाइने छ। यसलाइ औषधिको समीक्षाका रूपमा चिनिन्छ।



तपाईसँग स्वास्थ्य सेवासम्बन्धी पासपोर्ट छ भने आफ्नो विशेषज्ञलाइ देखाउनुहोस्। यसले तिनीहरूलाइ तपाईलाइ सहायता गर्न मद्दत गर्ने छ।



तपाईले खाने औषधिका बारेमा कुनै पनि निर्णय गर्न तपाई अनिवार्य रूपमा उपस्थित भएको हुनु पर्छ। तपाईको विशेषज्ञसँगको बैठकमा तपाईको परिवारको सदस्य, हेरचाहकर्ता, साथी, अधिवक्ता वा तपाईलाइ आफ्नो धारणा व्यक्त गर्न सघाउने कुनै व्यक्ति तपाईसँग हुन सक्नुहुन्छ।



तपाईको आवाज सबैभन्दा महत्त्वपूर्ण कुरा हो भन्ने नभुल्नुहोला। आफूले बुझ्नुभएको छैन भने सधैँ सोध्नुहोस्। आफ्नो शरीर र आफ्नो जीवनको निर्णयमा आफूलाइ समावेश गरिएको छैन भन्ने लागेको खण्डमा जानकारी गराउनुहोस्।





तपाईका विशेषज्ञले तपाई बच्चा जन्माउने योजना गरिरहनुभएको छ वा तपाई गर्भवती हुनु हुने छ भन्ने कुरा सोच्नुहुन्न कि भनेर सोध्ने छन्। तिनीहरूले तपाईका लागि Valproate अझै पनि उत्कृष्ट औषधि हो कि होइन भनेर जाँच गर्ने छन्। तपाईलाइ विशेषज्ञसँग मिलेर वार्षिक जोखिम स्वीकृति फाराम (ARAF) भर्न लगाइने छ। तपाईलाइ ARAF को कपी दिइने छ।



## मलाइ आफू गर्भवती हुने छु जस्तो लाग्दैन

तपाई र विशेषज्ञलाइ तपाई गर्भवती हुनु हुने छ भन्ने लाग्दैन भने उनीहरूले उक्त कुराको कारणसहित ARAF मा लेख्ने छन्।


# म गर्भवती हुन सक्छु



तपाई र तपाईका विशेषज्ञलाइ तपाई गर्भवती हुन सक्नुहुन्छ भन्ने लागेमा उनीहरूले तपाईसँग प्रत्येक वर्ष भेट्ने छन्। तपाई आफूलाइ लागेको छारे रोग वा बाइपोलार समस्याका बारेमा छलफल गर्नु हुने छ र तपाईका लागि अझै Valproate उत्कृष्ट औषधि हो कि भनेर जाँच गर्नु हुने छ। तिनीहरू तपाई यसको सुइ लगाउन सहमत हुनुहुन्छ कि भनेर जाँच्ने छन्।





तपाई 55 वर्ष मुनिको हुनुहुन्छ र तपाई गर्भवती हुन सक्नुहुन्छ भने दुइ जना विशेषज्ञले यसको सुइ तपाईका लागि सबैभन्दा राम्रो औषधि हो भनेर सहमति जनाएको खण्डमा Valproate प्रयोग गर्न सकिन्छ। तपाईले क्वाइल वा गर्भनिरोधक इम्प्लान्ट जस्ता गर्भनिरोधक औषधिहरू प्रयोग गर्नु पर्ने हुन सक्छ। तपाई आफ्ना विकल्पहरूका बारेमा परामर्श लिन सक्नुहुन्छ।




तपाई गर्भवती हुन सक्नुहुन्छ भने तपाईका विशेषज्ञले तपाईसँग Valproate जस्तै राम्रो हुन सक्ने अर्को औषधि छ कि छैन भनेर तपाईसँग छलफल गर्ने छन्।




Valproate लगाउन छाडेर राम्रोसँग काम नगर्ने औषधि परिवर्तन गर्नुभयो भने वा यो औषधि छिट्टै परिवर्तन गर्नुभयो भने यसले तपाईको सिजर वा स्वास्थ्यसम्बन्धी समस्याहरू अझ खराब बनाउन सक्छ। यसबाट कतिपय मान्छेलाइ अस्पताल लैजानु पर्ने हुन सक्छ भने कतिपय मान्छेको ज्यानैसमेत जान सक्छ।



## म गर्भाधारण गर्ने योजनाका बारेमा सोच्दै छु

तपाई गर्भाधारण गर्ने योजना गर्दै हुनुहुन्छ भने तपाईको डाक्टरसँग कुरा गर्नु धेरै महत्त्वपूर्ण छ। तिनीहरूले तपाईलाइ गर्भवती हुनुअघि नै तपाई वा तपाईका बच्चालाइ हुने कुनै पनि जोखिम कम गर्न सम्भव सबै कुरा गर्न सघाउन सक्छन्।



तपाई गर्भवती हुनुभयो भने तपाईले आफ्नो डाक्टरलाइ चाँडै थाहा दिनु पर्ने हुन्छ। तपाईको विशेषज्ञसँग कुरा नगरिकन तपाईले Valproate औषधि लगाउन रोक्नु जरुरी छैन किनभने यो खतरनाक हुन्छ।



तपाई गर्भवती हुनुहुन्छ र तपाईलाइ सिजर वा दीर्घकालिन लक्षण देखिएको छ भने ती कुराहरूलाइ सकेसम्म छिटो रोक्न जरुरी हुन्छ। धेरै सिजरहरूले बच्चाहरूको शरीर र दिमागको विकासमा असर पर्न सक्छ। कहिलेकाहीँ महिला तथा गर्भमा रहेका बच्चाहरू सिजर र SUDEP (छारे रोग लागेर अचानक रूपमा नसोचेको मृत्यु हुने) को कारण मर्छन्।



छारे रोग लागेका धेरै महिलाहरूको गर्भावस्था राम्रो हुन्छ तर यो असुरक्षित समय हुन सक्छ। कतिपय महिलाहरू गर्भवति नभइकन नै धर्मपुत्र वा धर्मपुत्री पालेर आमा बन्छन्।




## थप जानकारी

तपाई यो जानकारी पुस्तिकाको PDF डाउनलोड गर्न सक्नुहुन्छ र यहाँ गइ थप जानकारी पाउन सक्नुहुन्छ:

**southeastclinicalnetworks.nhs.uk/valproate**



तपाई **यो QR कोड** आफ्नो फोनको क्यामेरामा देखाएर पनि स्क्यान गर्न सक्नुहुन्छ।

यो जानकारी पुस्तिका अन्य विभिन्न भाषाहरूमा डाउनलोड गर्न पनि उपलब्ध छ।

## स्वीकृति

यो जानकारी पुस्तिका तयार पार्न योगदान पुर्‍याउने छारे रोग र मानसिक स्वास्थ्य रोग दुवै रोग उपचार गरेको अनुभव भएका विशेषज्ञहरूसहित दक्षिण पूर्व क्षेत्र र बाहिरका सबै चिकित्सकहरूलाइ धन्यवाद।

हामीलाइ यो जानकारी पुस्तिका तयार पार्न सघाउने Active Prospects, ProActive Community का सदस्य, SUDEP Action र My Life My Choice बाट प्राप्त जानकारीका लागि हामी विशेष रूपमा आभारी छौं।

‘Easy-on-the-i’ images copyright © Leeds र योर्क पार्टनरसपि NHS फाउन्डेशन ट्रस्ट।

CS57039 NHS Creative 2024